बैजनाथ गाउँपालिका

बैजनाथ राजपत्र

खण्ड :०२ संख्या :०१ प्रकाशित मिति

भाग-०१

बैजनाथ गाउँपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन २०७५

गाउँसभाबाट स्वीकृत मितिः २०७५/०३/२४

प्रस्तावना :

गाउँपालिकाको समग्र विकासका लागि गाउँपालिकामा राजस्व लगाउने तथा उठाउने सम्बन्धमा ऐनी व्यवस्था गर्न वान्छनीय भएकोले, गाउँपालिकाको सभाले नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिम यो ऐन बनाएको छ ।

परिच्छेद १
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

१. यस ऐनको नाम "बैजनाथ गाउँपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन २०७५" रहेको छ ।

२. यो ऐन बैजनाथ गाउँपालिका भर लागू हुनेछ र यस ऐन बमोजिमको कर वा राजस्व बुझाउनु पर्ने दायित्व भएको व्यक्ती जहाँसूकै रहे बसेको भए पनि निजको हकमा समेत लागू हुनेछ ।

३. यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) कम्पनी " भन्नाले प्रचलित नेपाल ऐन बमोजिम संस्थापन भएको कम्पनी सम्झनु पर्छ र सो शब्दले प्रचलित नेपाल ऐन बमोजिम स्थापित संगठित संस्थालाई समेत जनाउँछ ।

(ख) कर" भन्नाले परिच्छेद ४ बमोजिम लागेको वा लाग्ने कर सम्झनु पर्छ ।

(ग) "कर अधिकृत" भन्नाले स्थानीय सरकारले दफा ६ बमोजिम नियुक्त गरेको कर अधिकृत सम्झनु पर्छ र सो शब्दले कर अधिकृतको रूपमा काम गर्न जिम्मेवारी सुम्पेको वा कर अधिकृतको प्रत्यायोजित अधिकार प्रयोग गर्ने स्थानीय सरकारको अधिकृतस्तरको कर्मचारीलाई समेत जनाउँछ ।

(घ) "कर एकाई" भन्नाले बैजनाथ गाउँपालिकामा कर सम्बन्धी काम, कारवाही र निर्णय गर्ने बैजनाथ गाउँपालिकाको विभाग, महाशाखा, शाखा वा सो प्रयोजनको लागि तोकिएको कार्यालयको रूपमा रहेको स्थानीय सरकार अन्तर्गत संगठन संरचना सम्झनु पर्छ ।

(ङ) “करदाता ” भन्नाले कर तिर्नु पर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले कर अधिकृतले कुनै करको विवरण बुझाउन सूचना दिएको वा अरू कुनै कारवाही प्रक्रिया शुरू गरेको व्यक्तिलाई समेत जनाउँछ ।

(च) “कर निर्धारण ” भन्नाले कर निर्धारण सम्झनु पर्छ र सो शब्दले पुनः कर निर्धारण र अतिरिक्त कर निर्धारणलाई समेत जनाउँछ ।

(छ) “गैरकर राजस्व” भन्नाले परिच्छेद – १४ बमोजिम लाग्ने वा लागेको गैरकर राजस्व सम्झनु पर्छ ।

(ज) “परिवार ” भन्नाले प्राकृतिक व्यक्तिको पति, पत्नी र अंश छुट्टिए वा नछुट्टिएका नावालिग सन्तान सम्झनु पर्छ ।

(झ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले बैजनाथ गाउँपालिकाको प्रशासकीय प्रमुखको रूपमा काम गर्ने कर्मचारी सम्झनु पर्छ ।

(ङ) “फर्म” भन्नाले प्रचलित ऐन बमोजिम दर्ता भएको वा दर्ता नभएको जुनसुकै फर्म सम्झनु पर्छ ।

(ट) “व्यक्ति” भन्नाले कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति सम्झनु पर्छ

(ठ) “सभा” भन्नाले बैजनाथ गाउँपालिकाको सभा सम्झनु पर्छ ।

(ड) “स्थानीय सरकार” भन्नाले स्थानीय तहको कार्यकारिणी अधिकार प्रयोग गर्ने बैजनाथ गाउँपालिकालाइ सम्झनु पर्छ ।

(ढ) “संविधान” भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

व्याख्या

यो ऐनमा परिभाषा गरिएका लवजको सोही अनुसार र अरूमा प्रचलित ऐनको व्याख्या सम्बन्धी संघीय ऐन तथा दफा ४ बमोजिमका सिद्धान्तका आधारमा गरिनेछ ।

परिच्छेद – २

राजस्व सम्बन्धी सामान्य सिद्धान्त

४. कर तथा गैरकर राजस्व सम्बन्धी सामान्य सिद्धान्त :-

१. कर राजस्व देहायका सिद्धान्तलाई आधार लिई लगाईनेछ :-

(क) कर तिर्न सक्ने क्षमताका आधारमा ।

(ख) कर प्रणाली समता र न्यायमा आधारित रहने गरी ।

(ग) सरल, पारदर्शी र मितव्ययी हुने गरेर ।

(घ) नागरिकलाई सुविधा हुने किसिमबाट ।

(ङ) स्वेच्छिक रूपमा कर तिर्न प्रेरित हुने वातावरण सृजना गरेर ।

(च) करको आधार, करको दर र कर तिर्ने अवधी निश्चित गरेर ।

(छ) पश्चाचतदर्शी असर नपर्ने गरेर ।

२. गैर कर राजस्व लगाउँदा र उठाउँदा उपलब्ध गराइने सेवा, सहुलियत र सुविधाको लागत संचालन र आधार मानी लगाइने र उठाउनेछ ।

परिच्छेद – ३

कर प्रशासन सम्बन्धी व्यवस्था

५. कर प्रशासन

१. कर राजस्व नेपालको संविधानको व्यवस्था अनुरूप आफ्नो अधिकारक्षेत्र भित्रको कर तथा गैरकरको प्रशासन बैजनाथ गाउँपालिकाले गर्ने छ ।

२. उपदफा (१) बमोजिमको कर प्रशासन व्यावसायिक, दुरूस्त र प्रभावकारी बनाउन आवश्यकता अनुसार कर एकाई रहन सक्नेछन् ।

६. कर्मचारी सम्बन्धी व्यवस्था

१. स्थानीय सरकारबाट स्वीकृत दरवन्दी अनुसारका विभिन्न

तहका कर्मचारी कर एकाईमा रहन सक्नेछन्

२. कर एकाईमा स्थानीय सरकारले प्रचलित ऐन बमोजिम स्वीकृत दरवन्दीका आधारमा एक वा सो भन्दा बढी तहका कर अधिकृतहरू, कर सहायक तथा सहयोगीहरूलाई काममा लगाउन सक्नेछ ।

७. कर अधिकृतकव काम, कर्तव्य र अधिकार

यस ऐनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कर अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) करदाता दर्ता गर्ने ।

(ख) करदाताबाट विवरण प्राप्त गर्ने ।

(ग) कर परीक्षण तथा अनुसन्धान गर्ने ।

(घ) कर संकलन गर्ने ।

(ङ) कर तथा गैरकर राजस्व चुहावट रोक्न आवश्यक कार्य गर्ने ।

(च) करदाता मैत्री वातावरण बनाउन उपयुक्त र आवश्यक कार्य गर्ने ।

(छ) कर सम्बन्धी जनचेतना अभिबृद्धि गर्न कार्यक्रम संचालन गर्ने ।

(ज) कर ऐन र कर प्रशासनका क्षेत्रमा सुधार गर्नुपर्ने विषयमा बैजनाथ गाउँपालिकालाई सुझाव दिने ।

(झ) राजस्वको प्रक्षेपण गर्न आवश्यक सूचना उपलब्ध गराउने ।

(ङ) करदाताका खातापाता र हरहिसाव दुरूस्त राख्न लगाउने ।

(ट) कर सम्बन्धी अभिलेख दुरूस्त राख्ने ।

(ठ) कर सम्बन्धी अन्य काम गर्ने ।

८. अधिकार प्रत्यायोजन

(१) बैजनाथ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले

संविधान र यस ऐन बमोजिम आफुमा रहेको कर तथा राजस्व उठाउने अधिकार कर अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कर अधिकृतले आफुलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार आफ्नो सामान्य रेखदेख र नियन्त्रणमा रहने गरी आफु मातहतको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) कर अधिकृतले आफूलाई प्राप्त अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा स्थानीय सरकारबाट कुनै खास निर्देशन भएकोमा सोही बमोजिम गर्नु पर्नेछ ।

९. प्रत्यायोजित अधिकार र जिम्मेवारी

(१) दफा ८ बमोजिम प्रत्यायोजन गरिएको अधिकारको जिम्मेवारी अधिकार प्रत्यायोजन गर्ने अधिकारीमा रहनेछ ।

(२) दफा ८ बमोजिम प्रत्यायोजित अधिकार प्रयोग गर्नेले सो अधिकारको प्रयोग गर्दा अधिकार प्रत्यायोजन गर्ने प्रति उत्तरदायी रही प्रयोग गर्नु पर्नेछ ।

परिच्छेद–४
कर राजस्व सम्बन्धी व्यवस्था

१०. सम्पत्ति कर

(१) बैजनाथ गाउँपालिकाको आफ्नी क्षेत्र भित्र रहको सम्पत्ति कर लगाउने भनी तोकेको घर र जग्गामा मूल्याङ्कित रकमको अनुसूचीमा उल्लेख भए अनुसारको दरले सम्पत्ति कर लगाउने र उठाउने छ ।

(२) उपदफा (१) बमोजिमको सम्पत्ति कर लगाउने भनी तोकेको घर र जग्गा बाहेकका अन्य जग्गा भएमा दफा १४ बमोजिम भूमिकर(मालपोत) लगाउनु र असुल उपर गर्नु पर्नेछ ।

(३) बैजनाथ गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको घर जग्गाको अभिलेख प्रत्येक बर्ष दुरूस्त मिलाई राख्नु पर्नेछ ।

(४) सम्पत्ति कर निर्धारणका लागि सम्पत्ति मूल्याङ्कन देहाय बमोजिम गरिनेछः

(क) घरको बनौट (कच्ची वा पक्की) ।

(ख) घर जग्गासँग सडक वा बाटो जोडिएको वा नजोडिएको र जोडिएको भए पक्की, कच्ची वा गोरेटो जस्तो बाटोको प्रकृति र राजमार्ग, मुख्य खडक वा सहायक सडकसँगको दुरी ।

(ग) घरजग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था ।

(घ) सम्मत्ति मूल्याङ्कन गर्दा अनुसूची १ बमोजिम ह्रासकट्टी गरी खुद सम्पत्ति कायम गरिनेछ ।

(ङ) खण्ड (घ) बमोजिम कायम भएको खुद सम्पत्तीमा सात प्रतिशत मर्मत संभार खर्च कट्टी गर्न दिइनेछ ।

(५) उपदफा (४) बमोजिम घर जग्गा मूल्याङ्कन गर्न देहायको घर जग्गा मूल्याङ्कन समिति गठन गर्न सक्नेछ :

(क) स्थानीय सरकारले तोकेको ईन्जिनियर वा प्राविधिक – संयोजक

(ख) स्थानीय सरकारले तोकेको घर जग्गा सम्बन्धी विज्ञ एक जना – सदस्य

(ग) कर एकाईको प्रमुख –सदस्य सचिव

(६) घर जग्गा मूल्याङ्कन समितिले स्थानीय तहको कुनै पदाधिकारी वा अधिकृत वा अन्य कुनै विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(७) घर जग्गा मूल्याङ्कन समितिले प्रत्येक पाँच वर्षमा घर जग्गा मूल्याङ्कनका आधार र दररेटको सुझाव सिफारिस गर्न सक्नेछ ।

(८) घर जग्गा मूल्याङ्कन समितिले बैठकको कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

(९) सम्पत्ति करको प्रयोजनको लागि सम्पत्तिको स्वामित्व देहायको व्यक्तिमा रहेको मानिनेछ :

(क) आर्थिक वर्षको पहिलो दिन जुन सम्पत्ति जसको स्वामित्वमा रहेको छ सो सम्पत्ति सोही व्यक्तिको नाममा ।

(ख) कुनै सम्पत्ति एक भन्दा बढी व्यक्तिहरूको संयुक्त स्वामित्वमा रहेकोमा स्वामित्व स्पष्ट भएकोमा सोही अनुसार र अन्यथा सबैको बराबर हक ।

(१०) करदाताले प्रत्येक वर्ष स्वयं कर निर्धारण गरी आश्विन मसान्त भित्र बैजनाथ गाउँपालिकामा विवरण पेश गर्नु पर्नेछ ।

(११) यस दफा बमोजिम दाखिला गर्नुपर्ने कर प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भित्र कर एकाईमा दाखिला गर्नु पर्नेछ ।

(१२) नाबालकको नाममा रहेको सम्पत्तिमा लाग्ने सम्पत्ति कर दखिला गर्ने दायित्व निजको संरक्षक वा माथवर व्यक्तिको हुनेछ ।

११. घर बहाल कर

(१) बैजनाथ गाउँपालिकाले आफ्नो क्षेत्र भित्र बहालमा लगाएको घरको आकार, प्रकार, बनौट र चर्चेको जग्गा (प्लिन्थ एरिया) को आधारमा घर बाहाल आय रकमको १०(दश) प्रतिशतका दरले घर बहाल कर लगाई असुल उपर गर्नेछ ।

स्पष्टीकरणः

यस दफाको प्रयोजनको लागि घर भन्नाले भवन, गोदाम, टहरा, छप्पर (सेड), कारखाना र यस्तै पक्की वा कच्चा संरचना सम्झनु पर्छ ।

(२) घर बहालमा लगाउने व्यक्ति घर बहाल करको करदाता हुनेछ । कम्पनी वा संस्था मार्फत घर बनाई घर बहालमा

दिएको हकमा उक्त कम्पनी वा संस्था घर बहाल करको करदाता हुनेछ ।

(३) घर बहालमा दिंदा प्रत्येक घरधनीले सम्झौता गरी त्यस्तो सम्झौताको प्रति वा सम्झौतामा संशोधन गरिएमा सोको विवरण सो कार्य भएको मितिले पैतीस दिनभित्र कर एकाइमा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कार्यलय, कम्पनी, फर्म, एजेन्सी, परामर्शदाता वा जुनसुकै प्रकारको संगठित संस्थाले घर बहालमा लिएकोमा बहाल भुक्तानी गर्दा अग्रीम कर कट्टी गरी घरधनीका तर्फबाट कर एकाईमा ईर बहाल कर बुझाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम अग्रीम कर कट्टी गरी दाखिला गर्नु पर्ने घर बहाल कर कर कट्टी भएको महिनाको २५ गते भित्र दाखिला गर्नु पर्नेछ ।

(६) घर बहालको प्रयोजनको लागि स्थानीय सरकारले न्यूनतम मासिक घर बाहल रकम निर्धारण गरी लागु गर्न सक्नेछ ।

(७) न्यूनतम मासिक घर बहाल रकम निर्धारण सम्बन्धी अन्य व्यवस्था निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ ।

(८) घर बहालमा दिने घरधनीले घर वहाल करको विवरण प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भित्र पेश गर्नु पर्नेछ ।

(९) यस दफा बमोजिम दाखिला गर्नु पर्ने कर प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भित्र दाखिला गर्नु पर्नेछ ।

(१०) एक आर्थिक वर्षको घर वहाल कर एकमुष्ट अग्रिम रूपमा श्रावण महिना भित्र दाखिला गर्ने घर धनीलाई घर बहाल करमा दश प्रतिशत छुट दिइनेछ ।

१२. घर जग्गा रजिष्ट्रेसन शुल्क

(१) बैजनाथ गाउँपालिकाले घर, जग्गा वा घर जग्गा रजिष्टेसन शुल्क लगाई उठाउन सक्नेछ ।

(२) बैजनाथ गाउँपालिकाले उपदफा (१) बमोजिम घर, जग्गा वा घर जग्गा रजिष्ट्रेसन शुल्क उठाउँदा अन्तर सहकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशले लगाएको घर, जग्गा वा घर जग्गा रजिष्ट्रेसन शुल्क समेत उठाउनु पर्नेछ । यसरी असुल भएको घर, जग्गा वा घर जग्गा रजिष्ट्रेसन शुल्क रकम मध्ये पालिकाले लगाएको सबै र प्रदेशले लगाएको घर, जग्गा वा घर जग्गा रजिष्ट्रेसन शुल्कको दुई प्रतिशत रकम बैजनाथ गाउँपालिकाको संचित कोषमा दिखला गरी प्रदेशले लगाएको बाँकी अन्ठानब्बे प्रतिशत रकम प्रदेश संचित कोषमा दिखला गर्नु पर्नेछ ।

(३) बैजनाथ गाउँपालिका क्षेत्र भित्र घर, जग्गा वा घर जग्गा रजिष्ट्रेसन पारित गराई स्वामित्व प्राप्त गर्ने व्यक्तिले घर, जग्गा वा घर जग्गा रजिष्ट्रेसन शुल्क बुझाउनु पर्नेछ ।

(४) घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क स्वामित्व हस्तान्तरण गर्दाको समयमा बुझाउनु पर्नेछ ।

(५) घर जग्गा रजिष्ट्रेशन शुल्क प्रत्येक कारोबारको लिखतमा उल्लेख भएको थैली वा सो प्रयोजनको लागि निर्धारण गरिएको न्यूनतम रकम बमोजिम त्यस्तो घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन गर्ने कार्यालयबाट असूल उपर गरिनेछ ।

(६) रजिष्ट्रेशन शुल्क थैली रकम वा सो प्रयोजनको लागि तोकिएको रकम मध्ये जुन बढी हुन्छ सो रकमको १ (एक) प्रतिशत हुनेछ ।

(७) घर, जग्गा वा घर जग्गाको स्वामित्व प्राप्त गर्ने व्यक्ति महिला नागरिक भएमा उपदफा (६) बमोजिम लाग्ने शुल्कमा २५ प्रतिशत रकम छुट हुनेछ ।

(८) संघीय, प्रदेश र स्थानीय सरकार तथा सरकारी निकायलाई रजिष्ट्रेशनशुल्क लाग्ने छैन ।

(९) बैजनाथ गाउँपालिकाले घरू जग्गा रजिष्ट्रेशन पारित गर्दाको अवस्थामा नेपाल सरकारले तोकेको दरमा पूँजीगत लाभकर असुल गरी तोकेको राजस्व खातामा जम्मा गर्नुपर्नेछ ।

१३. सवारी साधन कर

(१) बैजनाथ गाउँपालिकाले सवारी साधन कर लगाउन सक्नेछ ।

स्पष्टीकरण :-

यस दफाको प्रयोजनको लागि "सवारी साधन" भन्नाले इन्धन वा यान्त्रिक शक्तिबाट सडकमा चल्ने चार पांग्रे सवारी साधन सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम सवारी साधन कर लगाउदा सवारी साधनको प्रकृति र क्षमताका आधारमा समान प्रकृतिका सवारी साधनलाई समान दर कायम हुने गरी लगाइने छ ।

(३) यस दफा बमोजिमको लगाईएको सवारी साधन करको दर प्रदेशमा पठाउनु पर्नेछ ।

(४) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सवारी साधन धनीले यस दफा बमोजिमको कर प्रदेश कर कार्यालय वा एकाइमा बुझाउनु पर्नेछ ।

(५) प्रत्येक वर्षको आश्विन मसान्त सवारी साधनधनीले यस दफा बमोजिमको कर दाखिला गर्नु पर्नेछ ।

१४. भूमिकर (मालपोत)

(१) बैजनाथ गाउँपालिकाले भूमिकर (मालपोत) लगाई उठाउन सक्नेछ ।

(२) यस ऐन बमोजिम सम्पत्ति कर लाग्ने घर र जग्गा बाहेकको अन्य जग्गामा भूमिकर (मालपोत) लाग्नेछ र त्यस्तो जग्गाको जग्गाधनीले भूमिकर (मालपोत) तिर्नु पर्नेछ ।

(३) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार र कूटनीतिक नियोगको नाममा भएमका जग्गा भूमिकर (मालपोत) लाग्ने छैन ।

(४) प्राकृतिक प्रकोपको अवस्था वा अन्य गम्भीर परिस्थितिमा स्थानीय सरकारले आधार र कारण खोली त्यसबाट प्रभावित सबैले समान सुविधा पाउने गरी

भूमिकर (मालपोत) मा छुट वा मिनाहा दिने निर्णय गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम छुट दिने निर्णय भएकोमा सो निर्णय भएको मितिले पन्ध्र दिनभित्र त्यसको सूचना गाउँ सभाको बैठक चलेको भए गाउँ सभामा पेश गर्नु पर्नेछ र बैठक नचलेको भए त्यसपछि बस्ने सभाको पहिलो बैठकमा पारित गर्नु पर्नेछ ।

(६) स्थानीय सरकारले यस दफा बमोजिमको भूमिकर (मालपोत) आफैले उठाउन वा नेपाल सरकार अन्तर्गतको कुनै कार्यालय मार्फत उठाउने व्यवस्था गर्न सक्नेछ ।

(७) भूमिकर (मालपोत) प्रत्येक वर्ष आश्विन महिनाभित्र कर एकाई वा सम्बन्धित वडा कार्यालय वा स्थानीय सरकारले तोकेको कार्यालयमा बुझाउनु पर्नेछ ।

(८) स्थानीय सरकारले प्राकृतिक प्रकोपको अवस्था वा विशेष परिस्थितिमा सिर्जना भएको आधार र कारण खोली गाउँपालिका भर वा त्यसको कुनै खास क्षेत्र तर्फको सो क्षेत्रको जग्गाको भूमिकर बुझाउने म्याद बढाउन सक्नेछ । सो म्यादभित्र भूमिकर (मालपोत) बुझाएकोमा म्याद भित्र बुझाएको मानिनेछ र थप शुल्क लाग्ने छैन ।

१५. **मनोरन्जन कर**

(१) स्थानीय सरकारले चलचित्र घर, भिडियो घर, सांस्कृतिक प्रदर्शन हल, कन्सर्ट जस्ता मनोरन्जन स्थलमा देखाइने मनोरन्जनका साधनमा मनोरन्जन कर लगाई उठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मनोरन्जन कर तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशले लगाएको मनोरन्जन कर मनोरन्जन स्थलको संचालकले मनोरन्जनको लागि टिकट विक्री गर्दाको अवस्थामा असूल गर्नेछ । यसरी असुल भएको मनोरन्जन कर रकम मध्ये गाउँपालिकाले लगाएको सबै र प्रदेशले लगाएको मनोरन्जन करको दुइ

प्रतिशत रकम गाउँपालिकाको संचिचत कोषमा दाखिला गरी प्रदेशले लगाएको बाँकी अन्ठानब्बे प्रतिशत रकम प्रदेश संचित कोषमा दाखिला गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम उपभोक्ताबाट असूल गरेको मनोरन्जन करको रकम असूल गरेको महिना भन्दा पछिको महिनाको २५ गते भित्र कर एकाईमा दाखिला गर्नु पर्नेछ ।

१६. विज्ञापन कर

(१) बैजनाथ गाउँपालिकाको सूचनापटी (होडिंग बोर्ड) मा विज्ञापन कर लगाई असूल गर्न सक्नेछ ।

(२) बैजनाथ गाउँपालिकाले उपदफा (१) बमोजिम विज्ञापन कर शुल्क उठाउँदा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशले लगाएको विज्ञापन कर समेत उठाउनु पर्नेछ । यसरी असूल भएको विज्ञापन कर रकम मध्ये पालिकाले लगाएको सबै र प्रदेशले लागएकव विज्ञापन कर को दुइ प्रतिशत रकम बैजनाथ गाउँपालिकाको संचित कोषमा दाखिला गरी प्रदेशले लगाएको बाँकी अन्ठानब्बे प्रतिशत रकम प्रदेश संचित कोषमा दाखिला गर्नु पर्नेछ ।

(३) विज्ञापन कर विज्ञापन राख्न अनुमतिका लागि निवेदन दिनेबाट असूल गरिने छ ।

(४) यस ऐन बमोजिम असूल गरेको मनोरन्जन करको रकम असूल गरेको महिनाभन्दा पछिको महिनाको २५ गते भित्र कर एकाईमा दाखिला गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिमको विज्ञापन समाग्री राख्न बैजनात गाउँपालिकाबाट अनुमति लिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको अनुमति पत्र दिंदा सर्वसाधारण जनताको हित सम्बन्धी अन्य कुराका अतिरिक्त विज्ञापन राख्न पाउने अवधि, नवीकरण गर्नु पर्ने समय, नवीकरण नगरेमा लाग्ने शुल्क सौन्दर्य विगार्न नहुने कुरा, सामाग्रीको

भाषिक शुद्धता र शालीनता जस्ता शर्त किटान गरिएको हुनु पर्नेछ ।

(७) कुनै कम्पनी, फर्म, एजेन्सी, संस्था वा व्यक्तीले अरू कसैले प्रायोजन गरेको सूचनापटी (होडिंग बोर्ड) राखेमा यस दफा बमोजिमको विज्ञापन कर सम्बन्धि प्रायोजनबाट असूल गरी राजस्व एकाई वा सो इकाइले तोकेको बैंक खातामा दाखिला गर्नु पर्नेछ ।

(८) नेपाल सरकार वा प्रदेश सरकार वा सरकारी संस्थाका जग्गा वा सम्पत्ती (पोल आदि) मा विज्ञापन सामाग्री राखेमा कर उठाउनु अघि कर एकाईले सो निकायसँग समन्वय गरी कर असूल गर्नुपर्ने छ ।

(९) व्यापारिक वा व्यावसायिक प्रयोजनका लागि राखिएका विज्ञापनमा लागेको कर छूट वा मिनाहा हुन सक्ने छैन ।

(१०) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकराका तर्फबाट राखेका विज्ञापनमा कर लाग्नेछैन ।

१७. व्यावसाय कर

(१) बैजनाथ गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय दर्तामा र नवीकरणमा वार्षिक व्यवसाय कर लगाउन र उठाउन सक्नेछ

(२) एकै व्यक्तिले आफ्नो नाममा एक वा एकै प्रकृतिका व्यवसाय वा शाखा एक वा सो भन्दा बढी स्थानमा संचालन गरेकोमा ६० दिन भित्र सोको जानकारी कर एकाइलाई दिनु पर्नेछ ।

(३) यस दफा बमोजिम व्यवसाय वार्षिक रूपमा बुझाउनु पर्नेछ। कुनै करदाताले अग्रीम रूपमा ५ वर्षको कर एकमुष्ट बुझाउन चाहेमा त्यस वापत लाग्ने रकममा १० प्रतिशतले छुट दिइनेछ ।

(४) करदाताले व्यवसाय संचालन गर्दा निवेदन साथ पेश गरेका विवरणमा हेरफेर परिवर्तन वा नामसारी गर्नु पर्ने भएमा

त्सकव कारण परेकव मितिले साठी दिन भित्र कर एकाइमा जानकारी दिनु पर्नेछ ।

(५) कर अधिकृतले करदाताले यस दफा बमोजिम पेश गरेका विवरण छानविन गरी अन्यथा देखिए यथार्थ विवरण पेश गर्न तीस दिनको म्याद दिई करदातालाई सूचना दिन सक्नेछ ।

(६) एकपटक व्यवसाय दर्ता भए पछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय संचालनमा रहेकोमानी कर असुल गरिनेछ ।

(७) कुनै करदाताले लाग्ने कर बुझाई व्यवसाय दर्ता खारेज गर्न निवेदन दिन सक्नेछ ।

परिच्छेद–५
करदाता दर्ता सम्बन्धी व्यवस्था र

१८. करदाताको पहिचान तथा दर्ता

(१) व्यवसाय संचालन गर्नुपूर्व दर्ता गरेर मात्र व्यवसाय संचालन गर्नु पर्नेछ,

(२) कर एकाइले यस ऐन बमोजिम कर तिर्नु पर्ने व्यक्ति वा करदाताको पहिचान गर्नु पर्नेछ,

(३) उपदफा (२) बमोजिम करदाताको पहिचान गर्दा व्यक्ति वा करदाताको नाममा रहेको सम्पत्ति, निजले गरेको कारोवार र कर एकाइलाई कुनै स्रोतबाट प्राप्त सूचना र सो एकाइले छानविन गर्दा देखिएका आधारमा करदाताको पहिचान गरिनेछ,

(४) कर एकाइले यस ऐन बमोजिम कर तिर्नु पर्ने दायित्व भएका कर दाताको विवरण खुलाई करदाता दर्ता गरी राख्नु पर्ने छ,

(५) नेपाल सरकारबाट स्थायी लेखा नम्बर लिएका करदाताले कर सम्बन्धि कारोवार गर्दा सोहि नम्बरको प्रयोग गर्नु पर्नेछ,

१९. करदाताको दायित्व

यस ऐन बमोजिम कर तिर्नु पर्ने कर्तव्य भएका करदाता को देहाय बमोजिमको दायित्व हुनेछ :

(क) आफूलाई करदाताको रुपमा दर्ता गराउने,

(ख) निर्धारित समयमा विवरण पेश गर्ने,

(ग) निर्धारित समयमा कर दाखिला गर्ने,

(घ) यस ऐन बमोजिम कुनै शुल्क, जरिवाना वा व्याज बुझाउनु पर्ने भए समयमा बुझाउने,

(ङ) हिसाव किताब र अभिलेख दुरूस्त राख्ने,

(च) कर अधिकृतले मागेको सूचना तथ्यांक समयमा उपलब्ध गराउने,

(छ) कर एकाईलाई आवश्यक सहयोग गर्ने,

२०. करदाताको अधिकार

(१) करदातालाई देहाय बमोजिमको अधिकार हुनेछ :

(क) सम्मानपूर्वक व्यवहारको अधिकार,

(ख) प्रचलित कानुन बमोजिम कर सम्बन्धि सूचना प्राप्त गर्ने अधिकार

(ग) कर सम्बन्धी विषयमा प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार

(घ) प्रतिरक्षाको लागि कानुन व्यवसायी वा लेखापरिक्षक नियुक्त गर्ने अधिकार

(ङ) कर सम्बन्धी गोप्य कुराहरू यस ऐनमा उल्लेख भए बाहेक अनतिक्रम्य हुने अधिकार,

(२) करदाताले उपदफा (१) बमोजिमको अधिकारको दावी गर्न आफ्नो दायित्व पूरा गरेको हुनुपर्ने छ,

२१. करदाताको प्रतिनिधित्व

(१) करदाताको प्रतिनिधित्व करदाताको परिवारको उमेर पुगेको सदस्य, माथवर व्यक्ति वा निजको ऐन व्यवसायी वा लेखापाल वा लेखापरिक्षक वा निजले लिखित रुपमा

अख्तियारी दिई पठाएको उमेर पुगेको वारेसले गर्न सक्नेछ,

स्पस्टीकरण

यस दफाको प्रयोजनको लागि उमेर पुगेको भन्नाले अठार वर्ष उमेर पुगेको व्यक्ति सम्झनु पर्छ,

(२) उपदफा (१) बमोजिम प्रतिनिधित्व गर्न सक्ने व्यक्तिका तर्फबाट गरिएका काम कारवाही करदाता स्वयंले गरेको मानिनेछ,

परिच्छेद – ६
विवरण दाखिला सम्बन्धि व्यवस्था

२२. विवरण दाखिला गर्न आदेश दिन सक्ने

(१) यस ऐन बमोजिम कर बुझाउनुपर्ने दायित्व भएको व्यक्तिले कर विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनि शंका गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली कर विवरण दाखिला गर्न आदेश दिन सक्नेछ । त्यस्तो आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले एक महिना भित्र कर एकाइमा विवरण दाखिला गर्नु पर्नेछ,

(२) उपदफा (१) बमोजिमको म्याद भित्र विवरण दाखिला गर्न नसक्ने सम्बन्धित व्यक्तिले आधार र कारण खोली समयावधि थपको लागी निवेदन दिएमा कर अधिकृतले तीस दिनसम्मको समयावधि थप दिन सक्नेछ,

२३. विवरण सच्याउन सकिने

यस परिच्छेद बमोजिमको कर विवरण दाखिला भइ सकेपछि कुनै तथ्य सम्बन्धी वा गणितीय भूल भएको भन्ने लागेमा करदाताले पहिला विवरण दाखेल भएको मितिले तीन (३) महिना भित्र यथार्थ, तथ्य र सही अंक सहितको अर्को विवरण पेश गर्न सक्नेछ,

परिच्छेद – ७

कर दाखिला सम्बन्धी व्यवस्था

२४. कर दाखिला गर्नुपर्ने

(१) यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर ऐनको परिच्छेद ४ मा उल्लेख गरिएकोमा सोही समयमा र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भित्र कर एकाईमा दाखिला गर्नु पर्नेछ,

(२) यस ऐन बमोजिम अग्रीम कर कट्टी गरी दाखिला गर्नु पर्ने कर कर कट्टी भएको महिना पछिको महिनाको २५ गते भित्र कर एकईमा दाखिला गर्नु पर्नेछ,

२५. कर दाखिलाको निस्सा दिनु पर्ने करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर वा गैरकर राजस्व वा अन्य रकम बुझाए पछि करदातालाई तत्काल त्यसको निस्सा दिनु पर्नेछ,

परिच्छेद–८

कर फिर्ता र समायोजन

२६. कर फिर्ता सम्बन्धी व्यवस्था

(१) करदाताले यस ऐन बमोजिम कर बुझाउंदा तिर्नु पर्ने भन्दा बढी कर दाखीला गरेकोमा सो कर रकम फिर्ता माग गर्न सक्नेछ ,

(२) उप दफा (१) वमोजिम फिर्ताको लागि निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको एक महिना भित्र माग बमोजिम फिर्ता दिने निर्णय गर्नु पर्नेछ,

२७. कर समायोजन सम्बन्धी व्यवस्था

(१) करदाताले दफा २६ बमोजिम फिर्ता पाउने ठहरीएको रकम दाखिला गर्नु पर्ने कर रकममा समायोजन गर्न कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ,

(२) उप दफा (१) वमोजिम निवेदन परेकोमा व्यहोरा साँचो

देखिएमा कर अधिकृतले निवेदन परेको एक महिना भित्र माग बमोजिम समायोजन गर्न आदेश दिनु पर्नेछ,

परिच्छेद–९
कर परिक्षण र कर निर्धारण

२८. कर परिक्षण र कर निर्धारण

(१) यस ऐन बमोजिम करदाताले विवरण पेश नगरेको वा पेश गरेको विवरणमा देहायका सबै वा कुनै काम कुरा भए गरेको देखिएमा कर अधिकृतबाट कर परिक्षण गरी कर निर्धारण गरिनेछ –

(क) खातापाता, हरहिसाब वा अभिलेख दुरूस्त नदेखिएमा,

(ख) गलत वा झुट्टा कागजातरविवरण संलग्न गरेको देखिएमा,

(ग) यथार्थ कारोवार नदेखाएको विश्वास गर्नुपर्ने कारण भएमा,

(घ) कारोवारका आधारमा करको दायित्व कम देखाएकोमा,

(ङ) करको दर फरक पारेकोमा,

(च) ऐन बमोजिम कर छुट वा मिनाहा हुन नसक्नेमा पनि सोको दावी गरेकोमा,

(२) उपदफा (१) बमोजिम कर निर्धारण गर्नुपर्ने देखिएमा करदातालाई आधार र कारण खुलाई आफ्नो स्पष्टिकरण पेश गर्न तीस दिनको सूचना दिनु पर्नेछ,

(३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्याद भित्र आफ्नो स्पष्टिकरण पेश गर्नु पर्नेछ,

(४) कर अधिकृतले उपदफा (३) बमोजिम तोकिएको म्यादभित्र करदाताले स्पष्टिकरण पेश गरेमा

सो समेतलाई आधार बनाई र स्पष्टिकरण पेश नगरेमा ऐन बोमोजिम कर निर्धारण गर्नु पर्नेछ

(५) स्वयं कर निर्धारण गरी विवरण पेश गरेको मितिले चार वर्ष भित्र कर अधिकृतले पुनः कर निर्धारण वा संशोधित कर निर्धारण गर्नुपर्ने संतोषजनक आधार र कारण भएमा करदातालाई सफाईको मौका दिई त्यस्तो कर निर्धारण गर्न सक्ने छ

२९. कर निर्धारणको सूचना

(१) यस ऐन वमोजिम कर अधिकृतबाट कर निर्धारण भएकोमा बुझाउनु पर्ने कर रकम, स्थान, समय सिमा र बैंक खाता नम्बर समेत उल्लेख गरी करदातालाई कर निर्धारणको सूचना दिनु पर्नेछ,

(२) यस ऐन बमोजिम को कर दाखीला गर्दा निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लिखित स्थान र समय सिमा भित्र कर दाखीला गर्नु पर्ने छ,

(३) उपदफा (१) बमोजिम कर रकम बैंक दाखीला गरिएकोमा करदातालेत्यसको सम्बन्धित भौचर कर कार्यालयमा बुझाउनु पर्नेछ,

परिच्छेद–१०

कर संकलन सम्बन्धी व्यवस्था

३०. कर संकलन सम्बन्धी व्यवस्था

(१) यस ऐन बमोजिम असूल उपर गर्नु पर्ने कर, व्याज र शुल्क वापतको रकम करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा कर अधिकृतले कार्यकारी अधिकृतको पूर्व स्वीकृति लिई देहायको एक वा एकभन्दा बढी तरीका बोमोजिम कर असूल गर्न सक्नेछः

(क) करदातालाई फिर्ता गर्नु पर्ने रकम भए त्यसमा कट्टा गरेर,

(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा सरकारी स्वामित्वका संस्थाबाट करदाताले पाउने रकमबाट कट्टा गर्न लगाएर

(ग) कुनै तेस्रो व्यक्तिले करदातालाई तिर्नुपर्ने रकम करदाताको पूर्व सहमति लिई कट्टा गरेर,

(घ) बैंक वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टा गर्न लगाएर,

(ङ) करदाताको कारोवार रोक्का गरेर,

(च) करदाताको चल तथा अचल सम्पत्ति माथि दावी वा कब्जा गरेर,

(छ) करदाताको सम्पत्ति एकैपटक वा पटकपटक गरी तोकिए बमोजिम लिलाम बिक्री गरेर,

(२) उपदफा (१) को खण्ड (छ) बमोजिम लिलामको कारबाही शुरु भएपछि सो कारवाही समाप्त हुनु पूर्व कर दाखिला गर्न ल्याएमा बुझाउन बाँकी कूल रकमको थप पांच प्रतिशत शुल्क सहित असूल गरिनेछ

(३) लिलामबाट प्राप्त रकम करदाताले तिर्नु पर्ने कर रकम भन्दा बढी भएमा बढी भएजति रकम साठी दिन भित्र सम्बन्धित करदातालाई फिर्ता दिनु पर्नेछ,

(४) उपदफा (३) बमोजिम रकम फिर्ता गर्दा निजले उपलब्ध गराएको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ

३१. किस्तावन्दी कर असूली

कुनै खास करदातालाई बिशेष परिस्थितिमा समयमा कर तिर्न नसक्ने कारण भई सो कुराको निवेदन गर्न आएमा कर अधिकृतले जांचबुझ गर्दा कारण सन्तोषजनक देखिएमा पर्चा खडा गरी बढीमा एक बर्ष भित्र तीन किस्तामा कर दाखीला गर्न आदेश दिन सक्नेछ, तर ढिला बुझाए वापत यस ऐन बमोजिम लाग्ने व्याज मिन्हा हुने छैन,

परिच्छेद–११
जरिवाना शुल्क र व्याज

३२. **जरिवाना लाग्ने**

यस ऐनको पालना नगरी करको दायित्व घटाएमा कर अधिकृतले कर विगोको दश प्रतिशत जरिवाना गर्न सक्नेछ,

३३. **व्याज लाग्ने**

यस ऐन बमोजिम दाखिला गर्नु पर्ने कर समयमा दाखिला नगरेमा तिर्नु बुझाउनु पर्ने रकमको वार्षिक दश प्रतिशत व्याज लाग्नेछ,

३४. **अभिलेख नराखेमा शुल्क लाग्ने**

यस ऐन बमोजिम अभिलेख राख्नुपर्ने कर्तब्य भएका करदाताले अभिलेख नराखेमा रु.१०००/– शुल्क लाग्नेछ,

३५. **समयमा विवरण दाखिला नगरेमा शुल्क लाग्ने**

यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले समयमा विवरण दाखिला नगरेमा प्रति विवरण रु.१०००/– शुल्क लाग्नेछ

३६. **झुट्टा विवरण दिएमा शुल्क लाग्ने**

यस ऐन बमोजिम विवरण दाखिला गर्नु पर्ने दायित्व भएका करदाताले झुट्टा विवरण दाखीला गरी करको दायित्व घटाएमा फरक परेको कर रकम असूल गरी सो को दश प्रतिशत शुल्क लाग्नेछ,

३७. **व्याज नलाग्ने**

यस ऐन बमोजिम लाग्ने शुल्क व्याज र जरिवानामा पुनः व्याज लाग्ने छैन,

परिच्छेद-१२

पूर्वादेश र प्रशासकीय पुनरावलोकन

३८. पूर्वादेश माग गर्न सक्ने

(१) कुनै करदातालाई यस ऐन बमोजिम लागाइएको कर, दस्तुर, शुल्क वा ऐनका व्यवस्थाबारे दुविधा भएमा सोको निरकरणका लागि निजले प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्नेछ,

(२) उपदफा (१) बमोजिमको निवेदन दिएकोमा प्रमुख प्रशासकीय अधिकृतले दुविधा निराकरण गर्न पूर्वादेश जारी गरी करदातालाई सो पूर्वादेश उपलब्ध गराउने छ,

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि अदालतमा विचाराधीन रहेको वा अदालतबाट निर्णय भैसकेको विषयमा यस दफा बमोजिम पूर्वादेश जारी गर्न सकिने छैन,

(४) उपदफा (१) बमोजिमको पूर्वादेश अदालतको आदेशबाट अन्यथा नभएसम्म कायम रहने छ,

३९. प्रशासकीय पुनरावलोकन हुन सक्ने

यस ऐन बमोजिमका देहायको निर्णय माथि प्रशासकीय पुनरावलोकन हुन सक्नेछ :

(क) कर अधिकृतले गरेको कर निर्धारण, पुनः कर निर्धारण,र संशोधित कर निर्धारण सम्बन्धी निर्णय,

(ख) यस ऐन बमोजिम लाग्ने वा लागेको कर र गैरकर राजस्व तथा अन्य दस्तुर शुल्क, व्याज सम्बन्धी निर्णय,

४०. प्रशासकीय पुनरावलोकनको प्रक्रिया

(१) यस ऐन बमोजिमको कर निर्धारणको निर्णय उपर चित्त नबुझ्ने करदाताले सो निर्णय भएको मितिले ३० दिन भित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रशासकीय पुनरावलोकंनका लागि निवेदन दिन सक्नेछ

(२) उपदफा (१) बमोजिम प्रशासकीय पुनरावलोकंनको लागि परेको निवेदन माथि ६० कार्य दिन भित्र कारवाही र किनारा गर्नु पर्नेछ

परिच्छेद – १३
पुनरावेदन

४१. उजुरी नलाग्ने

यस ऐन बमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकन नभई कुनै अदालतमा कुनै उजूर लाग्ने छैन,

४२. पुनरावेदन दिन सक्ने

(१) प्रशासकीय पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र प्रशासकीय पुनरावलोकन नहुने विषयमा कारण परेको मितिले चित्त नबुझ्ने पक्षले ६० दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ

(२) जिल्ला अदालतले गरेको निर्णय अन्तिम हुने छ

परिच्छेद – १४
गैर कर राजश्व

४३. सेवा शुल्क तथा दस्तुर

बैजनाथ गाउँपालिकाले संविधानको अनुसूची ८ बमोजिमका क्षेत्र र विषयमा आफूले पुर्याएको सेवा वापत सेवा शुल्क तथा दस्तुर लगाई उठान सक्नेछ।

४४. पर्यटन शुल्क :–

(१) बैजनाथ गाउँपालिकाले आफै निर्माण गरेको पर्यटकीय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा पर्यटन शुल्क लगाई उठाउन सक्नेछ। पर्यटकीय क्षेत्रमा उपलब्ध गराएको सेवाको लागत संचालन र संभार खर्चलाई आधारमा निपर्यटन शुल्क लगाउनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिकाले आफ्नो क्षेत्र भित्र पर्यटक प्रवेश गरेको आधारमा मात्र पर्यटन शुल्क लगाइने छैन ।

४५. सवारीसाधन पार्किंग शुल्क

बैजनाथ गाउँपालीकाले आफूले निर्माण वा व्यवस्था गरेको सवारी साधन पार्किंग स्थलमा सवारी साधन पार्किंग शुल्क लगाई उठाउन सक्ने छ, तर नेपाल सरकार र प्रदेश सरकारले निर्माण गरेका राष्ट्रिय र प्रदेश स्तरका राजमार्गको छेउछाउ वा पेटीमा पार्किंग शुल्क उठाउन सक्ने छैन,

४६. बहाल विटौरी शुल्क

बैजनाथ गाउँपालीकाले सार्वजनिक, स्थानीय सरकारको नाममा रहेको र ऐलानी जग्गा र त्यस्ता जग्गामा रहेका पोखरी, हाटबजार, प्रदर्शनीस्थल र ती ठाउमा राख्न अस्थायी अनुमति दिएका पसलमा बहाल विटौरी शुल्क लगाई उठाउन सक्नेछ,

४७. जडीबुटी, कवाडी र जीवजन्तु शुल्क

बैजनाथ गाउँपालिकाले जडीबुटी, कवाडी र जीवजन्तुको कारोवारमा शुल्क लगाई उठाउन सक्नेछ

४८. केवलकार शुल्क

(१) बैजनाथ गाउँपालिकाले आफ्नो क्षेत्र भित्र संचालन भएका केबलकारमा शुल्क लगाई उठाउन सक्नेछ ,

(२) उपदफा (१) बमोजिमको शुल्क केवलकार संचालकले प्रवेश टिकटमा नै समावेश गरी संकलन गर्नुपर्ने छ,

(३) उपदफा (२) बमोजिम संकलन गरेको शुल्क संकलन गरेको महिना पछिको महिनाको २५ दिन भित्र विवरण साथ कर एकाइमा दाखिला गर्नु पर्ने छ,

४९. डुंगा परिवहन (बोट सेवा) शुल्क

बैजनाथ गाउँपालिकाले आफ्नो क्षेत्र भित्र संचालन भएका डुंगा परिवहन (बोट सेवा) मा शुल्क लगाई उठाउन सक्नेछ,

५०. अन्य शुल्क लगाउन सक्ने

(१) बैजनाथ गाउँपालिकाले अनुसूची २ उल्लिखित बिषय र क्षेत्रमा शुल्क लगाई उठाउन सक्नेछ,

(२) स्थानीय सरकारले संविधान र अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को विपरित नहुने गरी आफूले प्रदान गरेको सेवा, सुविधा र व्यवस्थापन गरेका थप वा नयाँ क्षेत्र वा विषयमा शुल्क लगाउन सक्ने छ,

(३) उपदफा (२) बमोजिम सेवा शुल्क लगाउने वा त्यसको दरमा हेरफेर गरेको कुराको विवरण स्थानीय सरकारले त्यस्तो निर्णय भएको मितिले सात कार्य दिनभित्र गाउँ सभाको बैठक चलेको समयमा सभामा र त्यस्तो बैठक नचलेको समयमा त्यस पछी बस्ने सभाको पहिलो बैठकमा पेश गर्नु पर्ने छ ।

५१. छुट वा मिनाहा

(१) बैजनाथ गाउँपालिकाले खास अवस्थामा यस ऐन बमोजिम लाग्ने वा लागेको गैरकर राजश्वमा आधार र कारण खुलाई आंशिक वा पूर्ण रूपमा छुट दिन वा मिनाहा गर्न सक्नेछ, यसरी छूट दिंदा समान अवस्थाका सबै करदातालाई समान व्यवहार गरिनेछ,

(२) नेपाल सरकार वा प्रदेश सरकारले कुनै परियोजना वा विकास कार्यका लागि खास सामग्री, करोवारमा कर नलाग्ने व्यवस्था गरेकोमा स्थानीय सरकारले तत् तत् सरकारसंग समन्वय गरी कर छुट सम्बन्धी सो व्यवस्थाको पालना गर्ने गराउने छ

(३) उपदफा (१) बमोजिम गैरकर राजश्वमा छुट वा मिनाहा दिएको विवरण सभाको बैठक चलेको समयमा सभामा र सभाको बैठक नचलेको समयमा त्यस पछि बस्ने सभाको पहिलो बैठकमा पेश गर्नु पर्नेछ,

परिच्छेद–१५
समन्वय सम्बन्धी व्यवस्था

५२. नेपाल सरकारसंग समन्वय

(१) बैजनाथ गाउँपालिकाले संघीय ऐन वा यस ऐन बमोजिम असूल उपर गर्नु पर्ने कर वा गैरकर राजश्व असूल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ,

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन स्थानीय सरकार वा स्थानीय सरकारले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसंग समन्वय गरी आवश्यक व्यवस्था गर्ने सक्नेछ

(३) बैजनाथ गाउँपालिकाले संविधानको साझा सूचीमा रहेका बिषयसंग सम्बन्धित कर वा गैरकर राजश्वका आधार र दर वा कर प्रशासनका सम्बन्धमा नेपाल सरकारसंग समन्वय गर्न सक्ने छ

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अंतर्गत समन्वय गरी टुंगोमा पुगिएका विषयहरु यस ऐनमा परे सरह मानिने छ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोहीअनुसार कार्यान्वयन गर्नु पर्नेछ ।

५३. प्रदेश सरकारसंग समन्वय

(१) बैजनाथ गाउँपालिकाले प्रदेश ऐन वा यस ऐन बमोजिम असूल उपर गर्नु पर्ने कर वा गैरकर राजश्व असूल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन स्थानीय सरकार वा स्थानीय सरकारले अधिकार सुम्पेको अधिकृत

वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृत समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ,

(३) गाउँपालिकाले संविधानको साझा सूचीमा रहेका बिषयसँग सम्बन्धित कर वा गैर कर राजश्वका आधार वा दर वा कर प्रशासनका सम्बन्धमा प्रदेश सरकारसंग समन्वय गर्न सक्नेछ

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरिएका बिषयहरू यस ऐनमा परे सरह मानिने छ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ,

५४. केन्द्रिय बैंकसंग समन्वय

गाउँपालिकाले कर र गैरकर राजश्व संकलनका सम्बन्धमा केन्द्रिय बैंक (नेपाल राष्ट्र बैंक) संग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ

५५. अन्य निकाय, कार्यालय र संस्थासंग समन्वय

गाउँपालिकाका वा सो को कुनै अधिकृतले कर तथा गैरकर राजश्वसंग सम्बन्धित बिषयमा नेपाल सरकार र प्रदेश सरकार अन्तर्गतका सरकारी निकाय, बैंक वा संस्थासंग समन्वय गर्न सक्नेछ

परिच्छेद–१६
राजस्व प्रस्ताव तर्जुमा तथा सूचना सम्बन्धी व्यवस्था

५६. राजस्व सम्बन्धी नयाँ प्रस्ताव

गाउँपालिकाले कर तथा गैरकर सम्बन्धि नयाँ कर प्रस्ताव तयार गर्दा सरोकारवाला संग परामर्श गर्नुपर्ने छ।

५७. सूचना सार्वजनिक गर्नु पर्ने

(१) यस कानुन बमोजिम स्थानीय सरकारले लगाएको कर र गैर कर राजश्व उठाउने कार्यालयको प्रमुखले सो कर र

राजश्वका दर र त्यसमा भएको हेरफेर सम्बन्धी सूचना सर्वसाधारणको लागि सार्वजनिक गर्नु पर्नेछ,

(२) स्थानीय सरकारले उपदफा (१) बमोजिमका कर, राजश्वका दर र त्यसमा भएको हेरफेर समेत मिलाई स्थानीय सरकारको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ,

(३) स्थानीय सरकारले कर र राजश्वका दर र हेरफेर सम्बन्धी विवरण केन्द्रिय सूचना प्रणालीमा समेत राख्ने प्रयोजनका लागि नेपाल सरकार अर्थ मन्त्रालय वा सो मन्त्रालयले तोकेको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ,

परिच्छेद -१७
विविध

५८. विधुतीय माध्यमको प्रयोग गर्न सक्ने

यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय सरकारले विद्युतीय माध्यम (अनलाइन) बाट करदातालाई सूचना दिने, करदाताले आफ्नो विवरण र प्रमाण पेश गर्ने, कर लगायतको तिर्नु बुझाउनु पर्ने रकम दाखीला गर्ने एवं कर वा त्यस्तो रकम बुझाएको रसिद दिने लगायतका कर सम्बन्धी अन्य काम कारवाही गर्न सकिने व्यवस्था गर्न सक्नेछ,

५९. ठेक्कामा लगाउन नपाइने

स्थानीय सरकारले आफूले असुल गर्नु पर्ने कुनै कर वा राजस्व ठेक्का लगाई उठाउन पाइने छैन,

६०. अनुसूचीमा हेरफेर

गाउँ कार्यपालिकारनगर कार्यपालिकाले यस ऐनको अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ र त्यसरी गरीएको हेरफेरको सूचना सभाको बैठक बसेको भए बैठकमा र तत्काल बैठक नबसेको भए त्यस पछि बस्ने सभाको पहिलो बैठकमा पेश गर्नु पर्नेछ,

६१. कागजातको ढांचा

(१) यो ऐन र यस ऐन अन्तर्गत बनेको निर्देशिकामा उल्लेख

नभएको वा नतोकिएको कुनै विवरण, ढांचा, तरीका वा जानकारी सम्बन्धमा आवश्यक व्यवस्था गर्न उपयुक्त देखिएमा स्थानीय सरकारले आदेश वा सूचनाजारी गरी आवश्यक व्यवस्था गर्न सक्ने छ,

(२) उपदफा (१) बमोजिमका आदेश वा सूचना सर्वासाधारणको जानकारीको लागि स्थानीय सरकारको कार्यालय सूचना पछि, वेभसाइट रस्थानीय पत्र पत्रिकाको माध्यमबाट उपलब्ध गराउन सकिने छ,

६२. सूचना तामेली रीत पुगेको मानिने

(१) यस ऐन बमोजिम दिनु पर्ने म्याद, सूचना वा कागजात देहाय बमोजिम बुझाए वा पठाएमा सम्बन्धित व्यक्तिलाई बुझाएको वा दिईएको मनिनेछ :

(क) सम्बन्धित व्यक्तिलाई नै बुझाएको

(ख) निजको परिवारको उमेर पुगेको सदस्यलाई बुझाएको,

(ग) निजको ऐन व्यवसायी वा लेखापाललाई बुझाएको,

(घ) नावालिगको हकमा समरक्षक वा माथवर व्यक्तिलाई बुझाएको,

(ङ) कार्यालय संस्था वा निकायको हकमा प्रबन्धक वा प्रशासकीय प्रमुखलाई बुझाएको,

(च) करदाताको ठेगानामा हुलाकबाट रजिस्ट्री गरी पठाएको,

(२) कर एकाईको अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्युटर प्रविधिबाट इन्स्क्रीप्ट वा इन्कोड गरिएको, छाप लगाइएको वा सो कागजातमा लेखी यस ऐन बमोजिम जारी गरिएको, तामेली गरिएको वा दिइएको कागजातलाई रीतपूर्वकको मनिनेछ,

६३. कागजातको अभिलेख राख्ने

(१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको प्रत्येक व्यक्ति वा करदाताले देहायबमोजिमका आवश्यक कागजातहरू

सुरक्षित गरी राख्नु पर्नेछ ः

(क) यस ऐन बमोजिम बैजनाथ गाउँपालिकामा पेश गर्नु पर्ने कागजात सोलाई पुष्ट्याई गर्ने सूचना तथा कागजात,

(ख) कर निर्धारण गर्न सघाउ पुर्याउने कागजातहरू,

(ग) खर्च कट्टी गर्नु पर्ने भए सोलाई पुष्ट्याई गर्ने कागजात,

(२) बैजनाथ गाउँ कार्यपालिकाले लिखित रुपमा सूचना जारी गरी अन्यथा तोकेकोमा बाहेक यस दफा बमोजिमका कागजातहरु सम्बन्धित आय वर्ष समाप्त भएको मितिले कम्तिमा ४ वर्षको अवधीसम्म सुरक्षित राख्नु पर्नेछ

६४. अदालतलाई भए सरहको अधिकार हुने

यस ऐनको प्रयोजनको लागि गाउँ कार्यपालिकाको अधिकार प्राप्त अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान, गराउने, प्रमाण बुझ्ने र लिखतहरू पेश गर्न लगाउने सम्बन्धमा प्रचलित नेपाल ऐन बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ,

६५. आदेश वा निर्देशन दिन सक्ने

संघीय र प्रदेश सरकारले कर प्रशासनलाई प्रभावकारी बनाउन नेपालको संविधान र संघीय तथा प्रदेश सरकारको कर सम्बन्धी ऐन र यो ऐनको प्रावधानलाई कार्यान्वयन गर्न गराउन आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ, यस्तो आदेश वा निर्देशन पालना गर्नु गाउँ कार्यपालिकाको कर्तब्य हुनेछ,

६६. कर अधिकृतको परिचय पत्र

कर एकाईमा काम गर्ने प्रत्येक कर अधिकृत र अन्य कर्चार्ले परिचय पत्र आफ्नो साथमा राख्ने, काम गर्ने समयमा लगाउने र कर्तब्य पालनाको सिलसिलामा परिचय पत्र सम्बन्धित व्यक्तिलाई देखाउनु पर्नेछ,

६७. विभागीय कारवाही र सजाय हुने

(१) कर अधिकृत वा कर प्रशासनसंग सम्बन्धित कुनै कर्मचारीले कर तिर्नु बुझाउनु पर्ने दायित्व भएको व्यक्ति वा करदातालाई हानि नोक्सानी पुर्याउने, करको दायित्व घटीबढी गर्ने, समान अवस्थामा करदाता बीच असमान व्यवहार गर्ने, कुनै करदातालाई अनुचित फाइदा पुर्याउने वा करदाताबाट आफ्नो वा अरु कसैको निजी स्वार्थ पूर्ति गर्ने उद्देश्यले कुनै काम गरेमा वा ऐन बमोजिम गर्नु पर्ने काम समयमा नगरी दुख वा हैरानी दिएमा सम्बन्धित व्यक्तिले स्थानीय सरकारको प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुर गर्न सक्नेछ,

(२) उपदफा (१) बमोजिम उजुर परेमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक छानबिन गरी सम्बन्धित कर्मचारीको सेवा सम्बन्धी ऐन बमोजिम आफूलाई कारवाही गर्ने अधिकार भएको विषयमा आफैले विभागीय कारवाही गर्ने र कारवाही गर्ने अधिकार नभएको विषयमा विभागीय कारवाहीको लागि अधिकार प्राप्त अधिकारी समक्ष रायसाथ पेश गर्नेछ,

(३) उपदफा (२) बमोजिम छानविन गर्दा प्रचलित ऐन बमोजिम अनुचित कार्य गरेको कुरा खुल्न आएमा अधिकार प्राप्त अधिकारीले आवश्यक कारवाही गर्न सक्नेछ,

(४) उपदफा (३) बमोजिम छानविन र कारवाही गर्दा प्रमाण नष्ट हुन सक्ने भएमा कार्यकारी अधिकृतले त्यस्तो कर अधिकृत वा अन्य कर्चारीलाई सम्बन्धित सेवा सम्बन्धी ऐन बमोजिम निलम्बन गर्न सक्नेछ,

(५) उपदफा (२) बमोजिम छानबिन गर्ने अवधी भर सो अधिकृतलाई कर अधिकृतको जिम्मेवारीबाट अलग राखिने छ,

(६) उपदफा (३) बमोजिमको छानबिन गर्ने र कर अधिकृतको जिम्मेवारीबाट अलग राख्ने अवधि तीन महिना भन्दा बढी हुने छैन,

६८. पुरष्कृत गर्न सक्ने

(१) बैजनाथ गाउँपालिकाले यथार्थ परक र विश्वसनीय रुपमा तथा ऐनले तोकेको म्याद भित्र कर विवरण बुझाउने, लागेको कर दाखीला गर्ने र कर अधिकृतले अनुरोध गरेका सूचना उपलब्ध गराउने तीन जना करदातालाई प्रत्येक वर्ष पुरष्कार दिने व्यवस्था गर्न सक्ने छ,

(२) उपदफा (१) बमोजिम दिइने पुरष्कार सम्बन्धी अन्य व्यवस्था बैजनाथ गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ,

६९. म्याद, हदम्याद नजाने

यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि यस ऐन बमोजिम म्याद वा हदम्याद गणना गर्दा देहायको अवधि बाहेक गरी गणना गरिनेछ

(क) अदालतबाट स्थगन वा कर अधिकृत वा अन्य सरकारी निकायबाट रोक्का वा स्थगन भएको अवधि,

(ख) पुनरावेदन गरेकोमा पुनरावेदन तहको अन्तिम निर्णय भएको जानकारी प्राप्त नभएसम्मको अवधि

७०. निर्देशिका वा दिग्दर्शन(म्यानुयल) बनाउने अधिकार

यस ऐन बमोजिमको काम प्रभावकारी रुपमा गर्न स्थानीय सरकार वा सो सरकारले अख्तियारी दिएको अधिकारीले आवश्यक निर्देशिका वा दिग्दर्शन बनाउन सक्नेछ,

अनुसूची–१

(दफा १० उपदफा (४) को (घ) संग सम्बन्धित

ह्रासकट्टी गर्ने तरीका

यस ऐन बमोजिम कम्पत्तिको ह्रासकट्टी गर्ने तरीका समान कट्टी तरीका (युनिफर्म चार्ज मेथड) को फिक्स्ड इन्स्ताल्मेंट मेथड अनुसार हुनेछ, यसको गणना देहाय बमोजिम गर्नु पर्नेछ,

सुत्र :

ह्रासकट्टी रकम . (सम्पत्तीको प्रारम्भिक मूल्य – अनुमानित शेष मूल्य)

सम्पत्तीको आयु (वर्ष)

उदाहरण :

कुनै सम्पत्तीको मूल्य शुरूमा रु.१००००००/– छ, यसको आयु २० वर्ष छ, २० वर्ष पछि यो सम्पत्ति बिक्री गर्दा रु. २०००००/– आउँछ भने यसको प्रति वर्ष ह्रास्कट्टी रकम निम्नानुसार हुन्छ,

ह्रास्कट्टी रकम .

रू. ४००००।–

(प्रति वर्ष रु. ४००००/– ह्रास्कट्टी खर्च घटाउन पाइन्छ,)

अनुसूची-२

(दफा ५० को उपदफा (१) संग सम्बन्धित)

स्थानीय सरकारले शुल्क लगाई उठाउन सक्ने विषय क्षेत्र

१. खानेपानी, धारा, पोखरी र घाट

२. बिजुली

३. टेलिफोन

४. वातावरण, फोहरमैला व्यवस्थापन, सरसफाई र ढल व्यवस्थापन

५. शौचालय, स्नान गृह

६. सार्वजनिक पार्क

७. हाटबजार

८. पशु बधशाला

९. अतिथि गृह र छात्रावास

१०. अचल सम्पत्ति मुल्यांकन शुल्क

११. मर्मत सुधार (आफूले निर्माण गरेका यस अनुसूचीमा उल्लिखित साधन र सुविधाको मर्मत सुधारमा लाग्ने खर्च सम्बन्धी)

अनुसूची २ अनुसारका क्षेत्रमा आर्थिक वर्ष २०७५/ ०७६ मा लाग्ने करका दर

क.सं	आम्दानी वर्गीकरण	करको दर विवरण	
		दर्ता सिफारिस	वार्षिक कर (नवीकरण)
१	घरजग्गा कर	—	
१.१	फूस, खरको प्रति घर	०	०
१.२	टायल, खपडा, अर्धपक्की घर	०	०
१.३	पक्की भूईतला	०	०
१.४	पक्की दूईतला भन्दा माथि प्रति तला	०	०
२	सवारी साधन कर	—	
२.१	**स्कूटर, मोटरसाईकल**		
२.१.१	स्कूटर वा १२५ सि.सि. सम्मको मोटरसाईकल	०	१००
२.१.२	१२५ सि.सि. देखी माथि १५० सि.सि. वा सम्म	०	१५०

२.१.३	१५० सि.सि. वा सो भन्दा माथि	०	२००
२.२	**ट्र्याक्टर**		
२.२.१	कृषि कार्यका लागी	०	१०००
२.२.२	व्यवसायिक कार्यका लागी	०	२०००
२.३	**निजी तथा भाडाका सवारी साधन**		
२.३.१	निजी कार, जिप र भ्यान	०	५००
२.३.२	भाडाका कार, जिप र भ्यान	०	७५०
२.३.३	मिनी बस, मिनी ट्रक	०	७५०
२.३.४	बस, ट्रक	०	१०००
२.३.५	हेभी गाडी, डोजर, क्रेन	०	१५००
२.३.६	ट्याम्पो	०	२५०
२.३.६	अटोरिक्सा	०	१००
३	**विज्ञापन कर**		
३.१	पर्खाल, भित्ता, चौतारा आदी रंगपोत्ने	०	२००
३.२	पोल ब्यानर	०	१००
३.३	होडिङ्ग बोर्ड	०	१५०

४	**मनोरञ्जन कर**		
४.१	भिडियो प्रदर्शनी	०	२००-१०००
४.२	रमाईलो मेला	०	५००
४.३	जादू, सर्कश		५००
५	**उद्योग कर**		
५.१	**उत्पादनमूलक उद्योग**		
५.१.१	चिम्नी ईट्टा उद्योग	२५०००	१००००
५.१.२	भूसे ईट्टा उद्योग	१००००	२५००
५.१.३	सिमेन्टको ईट्टा, टायल, ब्लक उद्योग	५०००	१०००
५.१.४	स्टिल आल्मूनियम ग्रील उद्योग	१०००	१०००
५.१.५	फलामको ग्रील उद्योग (प्रति हर्षपावर)	३००	४०
५.१.६	सेलर मिल (प्रति हर्षपावर)	३००	४०
५.१.७	चिउरा/भूजा मिल उद्योग (प्रति हर्षपावर)	३००	४०
५.१.८	जडिबूटी तथा कृषिजन्य कच्चा पदार्थ प्रशोधन उद्योग	१५००	५००
५.१.९	पानी उद्योग	५०००	१०००
५.१.१०	घरेलू कूटिर उद्योग (अगरबत्ति, मैनबत्ति, अचार तथा अन्य कूटिर)	२५०००	१००००

५.१.११	ह्याचरी	१५०००	१००००
५.२	**पशूपंक्षि तथा कृषिजन्य उद्योग**		
५.२.१.	बाख्रापालन फार्म	१०००	५००
५.२.२	गाईपालन/बंगूरपालन फार्म	१५००	१०००
५.२.३	भैसीपालन फार्म	२०००	१०००
५.२.४	कूखूरापाल फार्म	१०००	५००
५.२.५	अष्ट्रिज पालन फार्म	१५००	१०००
५.२.६	माछापालन फार्म	१०००	५००
५.२.७	विरुवा नर्सरी फार्म	१०००	५००
५.२.८	बिउविजन उत्पादन	१०००	५००
५.२.९	जडिबूटी तथा कृषिजन्य कच्चा पदार्थ प्रशोधन	१५००	५००
५.२.१०	दूग्ध संकलन केन्द्र/तरकारी संकलन केन्द्र/पशू आहार विकी केन्द्र	१०००	५००
५.३	**बनजन्य उद्योग**		
५.३.१	स-मिल, प्लाउड उद्योग (प्रति हर्षपावर)	३००	४०
५.३.२	काठ बिकि डिपो	५०००	१०००

५.३.३	काठको फर्निचर र शोरुम	२५००	७५०
५.३.४	बेत बांस तथा बाम्बो सोरुम	१०००	५००
५.३.५	फर्निचर पसल	१०००	५००
५.४	**पर्यटन उद्योग**		
५.४.१	होटल, लज तथा रेष्टूरेन्ट	२५००	७५०
५.४.२	होटल तथा लज	२०००	७००
५.४.३	होटल तथा रेष्टूरेन्ट	२०००	७००
५.४.५	क्याफे तथा फाष्टफूड	१५००	७००
५.४.६	रेष्टूरेन्ट	१०००	६००
५.४.७	टावर तथा भ्यू टावर	१०००	५००
५.४.८	होम स्टे	१०००	२००
५.४.९	भोजनालय	५००	२००
५.४.१०	मिष्ठान्न/क्याटोरिङ्ग पसल	३००	१००
५.४.११	चिया/चाट पसल	३००	१००
५.४.१२	मिष्ठान्न पसल	३००	१००
५.५	**डेरी उद्योग**		

५.५.१	डेरी उद्योग तथा विकि पसल	१५००	७५०
५.५.२	डेरी बिक्री पसल	१०००	५००
५.६	**पेय पदार्थ उत्पादन उद्योग**		
५.६.१	आईस (बरफ) उद्योग (प्रति हर्षपावर)	३००	४०
५.६.२	आईसक्रिम उद्योग	१०००	५००
५.६.३	सोडापानी उद्योग	१०००	५००
५.७	**कपडा तथा गार्मेन्ट उद्योग**		
५.७.१	सिरक डसना उद्योग पसल	१०००	५००
५.८	**उपभोग्य वस्तू उत्पादन उद्योग**		
५.८.१	कूकीज, पाउरोटी, नूडल्स उद्योग	१५००	७५०
५.८.२	दालमोठ उद्योग	१५००	७५०
५.९	**सेवा उद्योग**		
५.९.१	अफसेट प्रेस	२५००	१०००
५.९.२	स्किन प्रिन्ट प्रेस	२५००	१०००
५.९.३	लेटर प्रिन्ट प्रेस	२५००	१०००
५.९.४	कलर ल्याब सेवा	५०००	२०००
५.९.५	भिडियो मिक्सिङ्ग	५००	२०००

५.९.६	फोटो स्टूडियो	१५००	१०००
५.९.७	ईटरनेट सेवा प्रदायक संस्था	२०००	१०००
५.९.८	केबूल लाईन (तारसहितको)	५०००	२०००
६	<u>**व्यवसाय कर**</u>	—	—
६.१	**निर्माण व्यवसाय**		
६.१.१	नेपाल सरकारको ईजाजत प्राप्त क वर्गको ठेकेदार	१००००	५०००
६.१.२	नेपाल सरकारको ईजाजत प्राप्त ख वर्गको ठेकेदार	८०००	४०००
६.१.३	नेपाल सरकारको ईजाजत प्राप्त ग वर्गको ठिकेदार	५०००	२५००
६.१.४	नेपाल सरकारको ईजाजत प्राप्त घ वर्गको ठेकेदार	३०००	१५००
६.१.५	निर्माण व्यवसायी/भवन निर्माण व्यवसायी	५०००	२०००
६.१.६	मिक्सचर र सटरिङ्ग सामान भएको	३०००	१५००
६.१.७	सटरिङ्ग सामान भएको	१०००	५००
६.२	**दैनिक उपभोग्य वस्तू**		
६.२.१	साद्य सप्लायर्स	५००००	२०००
६.२.२	खाद्यान्न किराना थोक	३०००	१५००

६.२.३	खाद्यान्न किराना खूद्रा	१०००	५००
६.२.४	साना किराना पसल	१०००	५००
६.२.५	फलफल पसल	५००	१००
६.२.६	तरकारी पसल	५००	१००
६.३	**मदिरा पसल**		
६.३.१	थोक बिक्री पसल	५०००	३०००
६.३.२	खूद्रा ब्रिकि पसल	२५००	१५००
६.३	**चूरोट, बिडी र सूर्तीजन्य**		
६.३.१	थोक पसल	४०००	२०००
६.३.२	खूद्रा ब्रिकि पसल	२०००	१५००
६.४	**औषधी पसल**		
६.४.१	औषधी खूद्रा पसल (डाक्टर भएको)	२५००	१०००
६.४.२	औषधी खूद्रा पसल (डाक्टर नभएको)	२०००	१०००
६.४.३	आयूर्वेदिक औषधी पसल	१५००	७५०
६.४.४	एग्रोभेट पसल	१०००	५००
६.४.५	मायकद्धारा प्रचारप्रसार गरि जडिबूटी बेच्ने पसललाई	प्रतिदिन २५	
६.५	**सूनचांदी पसल**		

६.५.१	थोक रुपमा फेन्सी गहना बनाई विकी गर्ने पसल	२०००	१०००
६.५.२	साना तथा हातले गहना बनाई विकी गर्ने पसल	१०००	७५०
६.५.३	साधारण गहना बनाउने पसल	५००	१००
६.६	**स्टेशनरी तथा पूस्तक पसल**		
६.६.१	स्टेशनरी सामान,पूस्तक तथा पत्रपत्रिकाको थोक पसल	७०००	२०००
६.६.२	स्टेशनरी सामान,पूस्तक तथा पत्रपत्रिकाको खूद्रा पसल	३०००	१५००
६.६.३	स्टेशनरी मात्र वा पूस्तक मात्र बिकि गर्ने पसल	१५००	७५०
६.६.४	फोटोकपी, पि.सि.ओ. साईबर तथा क्याफे	१५००	७००
६.६.५	कूरीयर्स शाखा कार्यालय	१०००	५००
६.७	**ईलेक्ट्रोनीक पसल**		
६.७.१	ईलेक्ट्रोनीक खूद्रा पसल	२०००	१०००
६.७.२	मोबाईल, घडि, क्यालकूलेटर	२०००	१०००
६.७.३	मोबाईल, अडियो, भिडियो	२०००	१०००
६.८	**निर्माण सामग्री तथा विद्यूत पसल**	३०००	१५००
६.८.१	छड र सरिया डिलर	१००००	३५००
६.८.२	सिमेन्ट डिलर	७०००	२५००
६.८.३	कर्कट पाटाको फूटकर बिकेता	५०००	१५००

६.८.४	छड र सरियाको फूटकर बिक्रेता	८०००	३०००
६.८.५	सिमेन्टको फूटकर बिक्रेता	३०००	१५००
६.८.६	विद्यूत सामग्री पसल	३०००	१५००
६.९	**पेट्रोलियम पदार्थ बिक्री पसल**		
६.९.१	२ पम्प भएको	२५०००	१५०००
६.९.२	१ पम्प भएको	२००००	१२०००
६.९.३	सब डिलर	१८०००	१००००
६.९.४	डीलर नएको पसल	१५०००	७०००
६.९.५	ग्यांस सिलिण्डर सब डिलर	१५०००	७०००
६.९.६	मट्टितेल मात्र बिक्री	५०००	२५००
६.१०	**कष्मेटीक पसल**	१५००	७५०
६.११	**प्लाई तथा ग्लास पसल**	१५००	७५०
६.१२	**कपडा तथा फेन्सी पसल**	२०००	१०००
६.१३	**धागो र टांकको पसल**	५००	२००
६.१४	**स्टिल आल्मूनियम पसल**	३०००	१५००
६.१५	**भाडा पसल तथा किचन सामग्री**	३०००	१५००
६.१६	**माछामासू विकी पसल**	१५००	७००

६.१७	**विशेषज्ञ परामर्श तथा अन्य व्यवसायी सेवा**		
६.१७.१	मेडीकल अफिसर	२०००	१०००
६.१७.२	कविराज	८००	३००
६.१७.३	ईन्जिनियरिङ्ग सेवा	२०००	१०००
६.१७.४	ल फर्म तथा कानूनी सेवा	१५००	७००
६.१७.५	लेखा परिक्षण सेवा	१५००	७००
६.१७.६	बिमा एजेन्ट	१०००	५००
६.१७.७	सर्भेयर	१०००	५००
६.१७.८	नोटरी पब्लिक	१०००	५००
६.१७.९	पशू चिकित्सक	१०००	५००
६.१७.१०	ढूवानी तथा ट्रान्सपोर्ट	२०००	१०००
६.१८	**टेन्ट हाउस**		
६.१८.१	बिजूली, डेकोरेशन, बैन्ड बाजा सहितको टेन्ट हाउस	१५००	१०००
६.१८.२	बिजूली, डेकोरेशन सहितको टेन्ट हाउस	१५००	१०००
६.१८.३	बिजूली, डेकोरेशन रहित टेन्ट हाउस	१०००	७००
६.१८.४	टेन्ट हाउस	८००	४००
६.१९	**स्वास्थ्य सेवा व्यवसाय**		

६.१९.१	गैर सरकारी अस्पताल तथा नर्सिङ्ग होम	निशूल्क	१०००
६.१९.२	डेन्टल होम सेवा	निशूल्क	५००
६.१९.३	दन्त चिकित्सा सेवा	निशूल्क	५००
६.१९.४	प्याथोलोजी सेवा	निशूल्क	३००
६.१९.५	अक्यूपंचर	निशूल्क	३००
६.२०	**शिक्षा सेवा**		
६.२०.१	पूर्व प्राथमीक तह	३०००	१५००
६.२०.२	आधारभूत विद्यालय तह	१००००	५०००
६.२०.३	माध्यामीक विद्यालय तह	१५०००	७५००
६.२०.४	उच्च शिक्षा तथा प्राविधिक शिक्षा	निशूल्क	निशूल्क
६.२०.५	कक्षा थप	३०००	०
६.२०.६	स्तरवृद्धि	५०००	०
६.२०.७	शैक्षिक संस्था ठाउंसारी	३०००	०
६.२१	**वित्तिय सेवा**		
६.२१.१	बाणिज्य शाखा कार्यालय	१००००	३०००
६.२१.२	विकास बैंक शाखा कार्यालय	६०००	१८००
६.२१.३	फाईनान्स कम्पनी शाखा कार्यालय	५०००	१५००

६.२१.४	लघूवित्त कम्पनी	२०००	१०००
६.२१.५	विमा कम्पनीहरु	२०००	१०००
६.२१.६	मनी एक्सचेन्जर/मनी ट्रान्सफर	१५००	७००
६.२१.७	वित्तिय सहकारी संस्था	१०००	५००
६.२२	**सिलाई पसल, ड्राई क्लिनर, सैलून तथा ब्यूटि पार्लर**		
६.२२.१	५ देखी ८ सिलाई मेशिन राखेर सिलाई गर्ने पसललाई	२०००	१०००
६.२२.२	२ देखी ४ सिलाई मेशिन राखेर सिलाई गर्ने पसललाई	१५००	८००
६.२२.३	१ थान सिलाई मेशिन राखी सिलाई गर्नेलाई	छूट	छूट
६.२२.४	ब्यूटी पार्लर सेवा, तालिम सहितको	१०००	५००
६.२२.५	ब्यूटी पार्लर सेवा	८००	४००
६.२२.६	कालिगढ सहितको सैलून सेवा	७००	४००
६.२२.७	सैलून सेवा २ सिट सम्मको	५००	२००
६.२२.८	ड्राईक्लिनर्स सेवा	५००	२००
६.२३	**मर्मत सम्भार**		
६.२३.१	हावा भर्ने तथा टायर पन्चर मर्मत	५००	२००
६.२३.२	ईन्जित मर्मत	५००	२००
६.२३.३	डेन्टिङ्ग तथा पेन्टिङ्ग	१०००	३००

६.२३.४	ब्याट्रि ईलेक्ट्रोनिक सेक्सन मर्मत	५००	२००
६.२३.५	रिक्सा साईकल बिकि	१०००	३००
६.२३.६	रिक्सा साईकल मर्मत तथा पार्टस सहित बिक्री	८००	३००
६.२३.७	रिक्सा साईकल मर्मत	५००	२००
६.२३.८	टि.भी., डेग, मोबाईल, फ्रिज मर्मत	१०००	५००
६.२३.९	रेडीयो, घडी, क्यालकूलेटर मर्मत	१०००	५००
६.२३.१०	मोटरसाईकल मर्मत	८००	२००
६.२३.११	जेनेरेटर, फ्रिज, कम्प्यूटर मर्मत	१०००	३००
७	**सेवा शूल्क**	—	
७.१	**सर्जमिन दस्तूर**		
७.१.१	नागरिकताको सिफारिस गर्दा गरिने सर्जमिन	१५०	०
७.१.२	नाता प्रमाणित सर्जमिन मूचूल्का	१५०	०
७.१.३	ठूलो उद्योग स्थापनाको लागी सर्जमिन	५०००	०
७.१.४	मझौला उद्योग स्थापनाको लागी सर्जमिन	२०००	०
७.१.५	साना तथा घरेलू उद्योग स्थापनाको लागी सर्जमिन	१०००	०

७.१.६	जग्गा दर्ता सिफारिस मूचूल्का प्रति कठ्ठा	१५०	०
७.१.७	अन्य प्रयोजनका लागी सर्जमिन	१५०	०
७.२	**प्रतिलिपी दस्तूर**		०
७.२.१	प्रतिलिपी दस्तूर ३ पाना सम्मको	निशूल्क	निशूल्क
७.२.२	प्रतिलिपी दस्तूर ३ पाना भन्दा माथि प्रतिपाना	३०	०
७.३	**मिलापत्र दस्तूर**	०	०
७.४	**सम्बन्ध विच्छेड सिफारिस**	०	०
८	**सिफारिसको किसीम र दस्तूर**	०	
८.१	**घर कायम सिफारिस**	५००	०
८.२	**घर जग्गा नामसारी सिफारिस**	२५०	०
८.३	**मोही लगत कट्टा सिफारिस**	५००	०
८.४	**छात्रवृत्ति सिफारिस**	२५०	०
८.५	**विपन्न विद्यार्थि छात्रवृत्ति सिफारिस**	निशूल्क	०
८.६	**अपांग सिफारिस**	निशूल्क	०
८.७	**अस्थायी बसोबास सिफारिस**	स्वदेशी २५० विदेशी ५००	
८.८	**स्थायी बसोबास सिफारिस**	२५०	०
८.९	**नागरिकता र प्रतिलिपी सिफारिस**	१००	०

८.१०	अंगिकृत नागरिकता सिफारिस	१५००	०
८.११	आर्थिक अवस्था सम्पन्नता प्रमाणित	१०००	०
८.१२	आर्थिक अवस्था कमजोर प्रमाणित	२५०	०
८.१३	विद्यूत जडान सिफारिस	२५०	०
८.१४	धारा जडान सिफारिस	२५०	०
८.१५	जिवित रहेको सिफारिस	२५०	०
८.१६	दूवै व्यक्ति एकै भन्ने/फरक जन्ममिति सिफारिस	२५०	०
८.१७	जग्गा मूल्यांकन प्रमाणित/सम्पत्ति र आय प्रमाणित		
८.१७.१	शैक्षिक प्रयोजनका लागी (धितो मूल्यांकनको सयकडा)	१५ पैसा	०
८.१७.२	व्यापारिक (अन्य) प्रयोजनका लागी	२५ पैसा	०
८.१८	व्यापार बन्दको सिफारिस	२५०	०
८.१९	व्यवसाय संचालनमा नभएको सिफारिस	२५०	०
८.२०	व्यापार व्यवसाय नभएको सिफारिस	२५०	
८.२१	कोर्ट फि मिनाहा सिफारिस	निशूल्क	
८.२२	नावालक परिचयपत्र सिफारिस	२५०	
८.२३	चौपाया सम्बन्धि सिफारि	२५०	
८.२४	व्यवसायिक दर्ताका सिफारिस	माथि उल्लेख भए बमोजिम	

८.२५	उद्योग ठाउंसारी सिफारिस	माथि उल्लेख भए बमोजिम	
८.२६	विद्यालय ठाउंसारी सिफारिस	माथि उल्लेख भए बमोजिम	
८.२७	आन्तरीक बसाईसराई सिफारिस	२५०	
८.२८	विद्यालय संचालन स्विकृति तथा कक्षावृद्धि सिफारिस	माथि उल्लेख भए बमोजिम	
८.२९	व्यक्तिगत विवरण सिफारिस	५००	
८.३०	जग्गा दर्ता सिफारिस		
८.३०.१	पांच कठ्ठा सम्म	१०००	
८.३०.२	पांच कठ्ठा भन्दा माथि प्रति कठ्ठा	२००	
८.३१	संरक्षक सिफारिस (व्यक्तिगत)	निशूल्क	
८.३२	संरक्षक सिफारिस (संस्थागत)	२५०	
८.३३	नेपाल सरकारको नाममा बाटो सिफारिस	२५०	
८.३४	जिवितसंगको नाता प्रमाणित (नेपाली/अग्रेजी भाषामा)		२५०/५००
८.३५	मृतकसंगको नाता प्रमाणित (नेपाली/अग्रेजी भाषामा)		२५०/५००
८.३६	कोठा खोल्न रोहवरमा बस्ने	२५०	
८.३७	स्वास्थ्य उपचार नि:शूल्क/सशूल्क सिफारिस	२५०	
८.३८	अन्य कार्यालयको माग अूनसार विवरण खूलाउेन	निशूल्क	
८.३९	संस्था दर्ता सिफारिस		

८.३९.१	व्यापारीक तथा नाफामूखी	१०००	५००
८.३९.२	गैरनाफामूखी संघ संस्था (अन्तर्राष्ट्रिय)	१०००	५००
८.३९.३	गैरनाफामूखी संघ संस्था (र्राष्ट्रिय)	०	निशूल्क
८.४०	**घरबाटो प्रमाणित**		
८.४०.१	महेन्द्र राजमार्ग/रत्न राजमार्ग संग जोडीएको जग्गाको		११००
८.४०.२	ओटासील बाटोमा जोडीएको		७५०
८.४०.३	ग्रेबल बाटो संग जोडीएको जग्गाको		५००
८.४०.४	कच्ची गाउं भित्री बाटोमा जोडीएको जग्गाको		३००
८.४०.५	बाटो नभएको खेती योग्य जग्गाको		२५०
८.४१	**चारकिल्ला प्रमाणित**		
८.४१.१	महेन्द्र राजमार्ग/रत्न राजमार्ग संग जोडीएको जग्गाको		११००
८.४१.२	ओटासील बाटोमा जोडीएको		७५०
८.४१.३	ग्रेबल बाटो संग जोडीएको जग्गाको		५००
८.४१.४	कच्ची गाउं भित्री बाटोमा जोडीएको जग्गाको		३००

८.४१.५	बाटो नभएको खेती योग्य जग्गाको		२५०
८.४२	जन्ममिति प्रमाणित		२५०
८.४३	विवाह प्रमाणित		२५०
८.४४	घरपाताल प्रमाणित		५००
८.४५	कागज/मंजूरीनामा प्रमाणित		५००
८.४६	हकवालाको हकदार प्रमाणित		२५०
८.४७	अविवाहित प्रमाणित		५००
८.४८	जग्गा रेखांकन रोहवर		५००
८.४९	जग्गाधनी पूर्जा हराएको		२५०
८.५०	पूर्जामा घर कायम गने सिफारिस		५००
८.५१	अग्रेजी सिफारिस प्रमाणित		५००
८.५२	मिलापत्र उजूरी/उजूरी दर्ता		५००
८.५३	एकीकृत सम्पत्ति तथा घरजग्गा कर		
८.५४	बहाल कर		१०प्रतिशत
८.५५	विज्ञापन कर		०
८.५५.१	पर्खाल भित्ता आदी रंगपोत्ने	०	२००
८.५५.२	पोल व्यानर	०	१००

८.५५.३	होडिङ्ग बोर्ड	०	१५०
८.५६	**मालपोत वा भूमी कर**		
८.५६.१	५ कठ्ठा सम्मको	०	०
८.५६.२	६ कठ्ठा देखी १ बिगाह सम्म (प्रति कठ्ठा)	०	०
८.५६.३	१ देखी माथि २ बिगाह सम्म (प्रति कठ्ठा)	०	०
८.५६.४	२ बिगाह देखी माथि (प्रति कठ्ठा)	०	०
मालपोत जरिवाना	चालू आ.व.को आषाढ १ देखी १५ गतेसम्म	०	०
	चालू आ.व.को आषाढ १५ देखी आषाढ मशान्तसम्म	०	०
	१ वर्षको बांकी मालपोतमा	०	०
	२ वर्षको बांकी मालपोतमा	०	०
	३ वर्षको बांकी मालपोतमा	०	०
	४ वर्ष वा सो भन्दा माथिको मालपोतमा	०	०
८.५७	**विभिन्न व्यक्तिगत घटना दर्ता**		
८.५७.१	३५ दिनभित्र सबै घटना दर्तामा	निशूल्क	
८.५७.२	३६ दिन देखी ७० दिनसम्मका सबै घटना दर्तामा	८	
८.५७.३	७१ दिन देखी ५ वर्षसम्मको सबै घटना दर्तामा	५०	
८.५७.४	घटना दर्ता प्रतिलिपी दस्तूर		

८.५८	**व्यवसाय दर्ता तथा नवीकरण**	माथि उल्लेख भए बमोजिम	
९	**आवश्यकता अनूसारको अन्य सिफारिस**		
९.१	***रुख कटानी सिफारिस दस्तूर***		
९.१.१	आंप, सिसौं, जामून, बबूर, डालेघांस, सिमल तथा लिप्टिस का रुखहरु ४ फूट सम्मको प्रति रुख	०	३००
९.१.२	४ फूटभन्दा माथिका रुखहरुमा प्र.फूट थप्दैजाने गरि लिने	०	८०
९.१.३	४ फूटभन्दा साना रुखहरु जर्ना(दाउरा) को रुपमा प्रयोग आउने रुखहरुको प्रति चट्टा	०	१५००
९.१.४	विद्यूत पोलमा प्रयोग हूने लिप्टिसका रुखहरु प्रति रुख	०	५०
९.१.५	खयरको रुख प्रति चट्टा तथा प्रति रुख	०	३०००/३००
१०	**नक्शा प्रमाणित दस्तूर**		
१०.१	भूईतला (ग्राउण्ड फ्लोर) प्रति स्कवायर फिट	०	३
१०.२	पहिलो तला (फस्ट फ्लोर) प्रति स्कवायर फिट	०	५
१०.३	दोश्रो तला (सेकेन्ड फ्लोर) प्रति स्कवायर फिट	०	७
१०.४	तेश्रो तला वा सो भन्दा माथि प्रति तला थप्दे जाने गरि लिने	०	२
११	सूचिकृत दस्तुर		

११।१	सहकारी		५००।.००
११/ २	संघ/ संस्था		१०००।००
११।३	इन्जिनियरिंग कन्सल्टेन्सी र निर्माण व्यावसायी		३०००।००
११।४	व्यावसाय फर्म		१५००।००
१२	दस्तुर		
१२.१	निजी बन दर्ता शिफारिश		१०००.००
१२.२	अटोरिक्सा सिफारिश दस्तुर		५००.००

१३. **निमार्ण व्यवसायीको हकमा**

क्र.स.	निर्माण व्यवसायीको वर्ग	इजाजतपत्र दस्तुर	इजाजतपत्र नवीकरण दस्तुर	इजाजतपत्र नवीकरण थप दस्तुर	अस्थायी इजाजतपत्र दस्तुर	इजाजतपत्र प्रतिलिपी दस्तुर
४.	“ **घ** ” वर्ग	रु. १,०००।००	रु. १,०००।००	रु. २,०००।००	अमेरिकी डलर २५०।०० ले हुन आउने नेपाली रुपैंया	रु. ५००।००

१४. एकिकृत सम्पत्ती करः

करयोग्य एकिकृत सम्पत्तिको मूल्य	वार्षिक दर रु.	कैफियत
रु. १० लाख रुपैयाँ सम्मको मूल्याङ्कनमा	एक मुष्ठ १००/-	यसमा उल्लेखित मूल्याङ्कन रकमलाई नजिकको लाखमा शून्यान्तर गरि कर निर्धाराण गरिने छ।
रु. ११ लाख देखि २० लाख रुपैयाँ सम्म	एक मुष्ठ २००/-	
रु. २१ लाख देखि ३० लाख रुपैयाँ सम्म	एक मुष्ठ ३००/-	
रु. ३१ लाख देखि ४० लाख रुपैयाँ सम्म	एक मुष्ठ ४००/-	
रु. ४१ लाख देखि ५० लाख रुपैयाँ सम्म	एक मुष्ठ ५००/-	
रु. ५१ लाख देखि ७५ लाख रुपैयाँ सम्म	प्रति लाख १५/-	
रु. ७६ लाख देखि १०० लाख रुपैयाँ सम्म	प्रति लाख २०.-	
रु. १०१ लाख देखि १५० लाख रुपैयाँ सम्म	प्रति लाख २५/-	
रु. १५१ लाख देखि २०० लाख रुपैयाँ सम्म	प्रति लाख ३०/-	
रु. २०१ लाख देखि २५० लाख रुपैयाँ सम्म	प्रति लाख ३५/-	
रु. २५१ लाख देखि ३०० लाख रुपैयाँ सम्म	प्रति लाख ४०/-	
रु. ३०१ लाख देखि ४०० लाख रुपैयाँ सम्म	प्रति लाख ४५/-	
रु. ४०१ लाख देखि ५०० लाख रुपैयाँ सम्म	प्रति लाख ५०/-	
रु. ५०१ लाख देखि माथि प्रति लाख थप	प्रति लाख ५२/-	